A Quarterly Publication of Press Council Nepal

# संहिता
# SAMHITA

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
असोज, २०७८ । अङ्क ५४

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

**प्रधान सम्पादक**
बालकृष्ण बस्नेत

**सम्पादन मण्डल**
झबिन्द्र भुसाल
दीपक खनाल

**सम्पादन सहयोगी**
लक्ष्मी पौडेल

**तस्बिर**
विपुल पाण्डे

**आवरण/ले-आउट**
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न. : ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४११२७९९, ४११२६७८,
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : रोल्वालिङ अफसेट प्रेस, काठमाडौँ

# विषयसूची

| शीर्षक | | पृष्ठ |
|---|---|---|


सम्पादकीय :

१. नेपाली छापाको इतिहासः कष्टकर, रोचक र घोचक : गोपाल बुढाथोकी १

२. नेपालमा मिडिया साक्षरताको आवश्यकता : गोविन्द आचार्य ७

३. गालीबाहक बन्न हुँदैन मिडिया : यज्ञप्रसाद शर्मा १७

४. साहित्यमा पत्रकारिता किन हुँदैन ? : चेतनाथ धमला २४

५. शान्ति, आमसञ्चार र पत्रकार आचारसंहिता : डा. बालकृष्ण चापागाईं २७

६. आचारसंहिता पालना र मिडियाप्रवृत्ति : झबिन्द्र भुसाल ३५

७. पत्रकार आचारसंहिताको आलोकमा विज्ञापन आचारसंहिता : गजेन्द्र बुढाथोकी ४५

८. बहस 'डाइभर्ट'मा मिडिया : मिलन तिमिल्सिना ५२

९. सामुदायिक रेडियोको नेपाली अभ्यास : डा. श्रीराम खनाल ५६

१०. पत्रकारिता पढेर पत्रकार बन्न खोज्दा झण्डै 'डिप्रेसन' ! : तुला अधिकारी ६३

११. अपराध रिपोर्टिङ र आचारसंहिता : टपेन्द्र कार्की ६९

१२. मिथ्या सूचना र दुष्प्रचारको भय : प्रकाश सिलवाल ७७

१३. यौनिक तथा अल्पसङ्ख्यक समुदाय र मिडिया : युवराज गौतम ८३

१४. प्रेस काउन्सिल नहुने हो भने आमसञ्चारक्षेत्र भद्रगोल हुन्छ : बोर्णबहादुर कार्की ९०

१५. पुरूष पत्रकारलाई सर, महिलालाई नानी ! : शोबिता रिसाल ९९

१६. 'मिडिया ट्रायल'को मारमा अदालत र न्यायाधीश : मदन ढुङ्गाना १०४

१७. पत्रकारलाई आचारसंहिताः जान्ने, लागु गर्न नमान्ने : रामकृष्ण भण्डारी ११४

१८. निमोठिएको पत्रकार आचारसंहिता : प्रेमबहादुर चन्द १२२
१९. पूर्वाधार पत्रकारिता : नयाँ विधा र अभ्यास : जीवन बस्नेत १२७
२०. जनविश्वास गुम्ला भन्ने डर : मदन कोइराला १३६
२१. तथ्यपूर्ण समाचार कि सूचना प्रकाशन ? : निराजन पौड्याल १३९
२२. मर्यादित पत्रकारिताको सुरुवात कहिले ? : जीवन लामा १४३
२३. बाँके-बर्दियाको पत्रकारिता : प्रेम विश्वकर्मा १४७
२४. स्थानीय रेडियोका समस्या : देवचन्द्र भट्ट १५२
२५. मिडियामा शैली पुस्तिकाः एक पन्थ, दो काज : ताराबहादुर महत १५८
२६. डोल्पामा सञ्चार माध्यम र अवस्था : विष्णुलाल बुढा १६३
२७. श्रमजीवी पत्रकारका मुद्दा उस्तै : सर्मिला बुढाथोकी १६८
२८. आर्थिक बोझ, खर्च व्यवस्था र पत्रकारिता : उद्धव सिलवाल १७३

# सम्पादकीय

## बलियो काउन्सिलको आवश्यकता

प्रेस काउन्सिल नेपालले यो वर्ष स्थापनाको ५३ औं वार्षिकोत्सव मनाउँदैछ। यो अवधिमा काउन्सिलले नेपाली मिडियाको अनुगमन, व्यवस्थापन र नियमन जोडिएको लामो अनुभव हासिल गरेको छ । नेपाली मिडियालाई आगामी दिनमा अझ स्वतन्त्र, जिम्मेवार, उत्तरदायी र मर्यादित बनाउनका लागि यो अनुभवसहितको सक्रियताले झन् टेवा पुग्ने विश्वास हामीले लिएका छौं ।

प्रेस काउन्सिल नेपाल नेपाली मिडिया, सञ्चारकर्मी र सरकारबिचको सेतुको रूपमा रहँदै आएको छ। मिडियामार्फत सधैं जनताको आवाज मुखरित हुने गर्छ। यो अर्थमा भन्ने हो भने काउन्सिल र यसमार्फत खेल्ने भूमिका जनसरोकारको चासोको विषय हुने गर्छ । मिडियाले देश र जनताका समस्यालाई बोकेको छ कि छैन ? समाज परिवर्तनका एजेण्डालाई विषयवस्तु बनाएको छ कि छैन ? भन्ने विषयमा गम्भीर हुनुपर्ने हुन्छ । खासमा सञ्चारकर्मी जनताका अप्रत्यक्ष जनप्रतिनिधिकै भूमिकामा रहनुपर्छ । मिडिया आवाजविहीनहरूको आवाजसमेत हो । यदि मिडियाबाट जनताका आवाज मुखरित हुन सकेन भने पत्रकारिताको विकाससमेत सहीरूपमा नभएको मान्नुपर्ने हुन्छ ।

सञ्चार माध्यम र सञ्चारकर्मी व्यवस्थित र मर्यादित हुनसके सिङ्गो पेसाको मर्यादा र प्रतिष्ठा बढ्छ। त्यसका लागि पहिलो कुरा सञ्चार माध्यमबाट सदैव विश्वसनीय र तथ्यपूर्ण सामग्री सम्प्रेषण गर्नुपर्छ। त्यसबाहेक सञ्चारकर्मी स्वयम्को आचरण, व्यवहार, संस्कारसमेत समाजमा सिको गर्नलायक हुनुपर्छ । पत्रकार स्वभावैले अरूलाई प्रश्न उठाउने वर्ग हो । अरूका गल्ती, कमजोरी औंल्याउने, त्यस्ता गल्ती दोहोर्‍याउन नदिनका लागि झकझकाउने पेसासमेत भएकाले आफूबाट गल्ती नगर्न सदैव सजग हुनुपर्छ । त्यसका लागि स्वच्छ, स्वतन्त्र, मर्यादित र विश्वसनीय पत्रकारिता जरुरी छ ।

पत्रकारिताको यही सैद्धान्तिक र व्यावहारिक पक्षलाई जोगाइराख्ने प्रमुख काम प्रेस काउन्सिलको हो । स्थापना कालदेखि नै काउन्सिलले पत्रकारिताको विकास र संवर्द्धनका लागि विभिन्न काम गर्दै आएको छ । पत्रकारलाई सैद्धान्तिक ज्ञान दिन तालिम, अभिमुखीकरण कक्षा चलाउँदै आएको छ । पत्रकार आचारसंहिता जागरण अभियानलाई देशव्यापी बनाइएको छ । मिडियाको प्रवर्द्धनका लागि विभिन्न नीतिगत कामसमेत हुँदै आएका छन् । छापा, रेडियो, टिभी, अनलाइन

सबै सञ्चार माध्यमको अनुगमन र नियमनसमेत गर्दै आएको छ । मिडियाबाट भएका गल्ती, कमजोरी सच्याउन र दोहोरिन नदिनका लागि विशेष निगरानी र अनुगमन गरिरहेको छ ।

त्यसबाहेक मिडियासम्बन्धी नीति बनाउने, पुनरावलोकन गर्ने काममा सरकारसँग समन्वय र सहयोग गर्ने दायित्वसमेत काउन्सिलको काँधमा छ। समग्र मिडियाको नीति बनाउने सवालमा सल्लाहकारको भूमिकामा रहेर काउन्सिलले सञ्चारजगत्को कुरा नीतिगत तहसम्म पुऱ्याउने काम गर्दै आएको छ । समय परिवर्तनसँगै मिडिया क्षेत्रमा देखिएका चुनौतीलाई सम्बोधन गर्ने खालका ऐन, कानुन, नीति नियम, निर्देशिका, मापदण्ड निर्माण प्रक्रियामा प्रेस काउन्सिल सदैव अग्रमोर्चामा रहेर काम गर्दै आएको छ ।

यति महत्वपूर्ण संस्थाको मर्यादा र गरिमालाई जोगाइराख्न काउन्सिललाई झन् बढी सक्रिय र बलियो बनाउनुपर्ने हुन्छ। यदाकदा यसको औचित्य र भूमिका न्यून हुने वा अवमूल्यन हुने खालका अभिव्यक्ति र कामसमेत हुने गरेका छन् । नेपाली प्रेसको संरक्षण गर्दै आइरहेको, प्रेस स्वतन्त्रताको पहरेदारको भूमिका खेलिरहेको र सरकारलाई कानुन निर्माण र अन्य नीतिगत काममा सक्रिय सहयोग राख्दै आएको काउन्सिलबारे अन्यथा सोच्नुभन्दा यसको संरचना र अधिकारलाई झन् बलियो बनाउनतिर सबैको ध्यान केन्द्रित हुनु आजको आवश्यकता हो । काउन्सिल निस्क्रिय वा कमजोर होइन, सक्रिय, स्वतन्त्र र बलियो भएमात्र नेपाली प्रेसको साँचो अर्थमा रक्षा र विकास सम्भव छ ।